म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २५६ २०८० साउन २६ गते शुक्रबार 11 August 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## अवैध कपडा बरामद

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध कपडा बरामद गरेको छ। बुधबार दिउँसो १ बजेको समयममा वीरगञ्जबाट हेटौँडातर्फ आउँदै गरेको ना ७ ख ६९१ नम्बरको यात्रुबाहक बसलाई सुरक्षाजाँच गर्दा बसबाट १७ हजार ५ सय रुपैयाँ बराबरको अवैध कपडा बरामद गरेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। प्रहरीले बसको पछाडीको डिक्किमा लुकाई छिपाई ल्याएको कुर्थी सेट १४ पिस र हाफ कट्टु-७ पिस फेला पारेको जनाएको छ। अवैध सामान नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

# हामी आफ्नै भवनमा छौं, कसरी हट्नु ?: शिक्षा इकाई प्रमुख

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले बुधबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको कार्यालय रहेको भवन खाली गराउने निर्णय गरेको छ। साविक अगुवा स्रोत केन्द्र रहेको भवन शिक्षा विकास तथा समन्वय इकाईको आफ्नै कार्यालयको रुपमा रहेको उल्लेख गर्नुहुँदै समन्वय इकाई प्रमुख दीनानाथ गौतमले आफ्नै भवन उपमहानगरले निर्णय गर्दैमा कसरी खाली गराउने भन्दै प्रश्न गर्नुहुन्छ।

"साविक जिल्ला शिक्षा कार्यालयले अगुवा स्रोत केन्द्रका लागि निर्माण गरेको संरचनामा संघीय शासन व्यवस्था लागुभएपछि शिक्षा विकास तथा समन्वय इकाईको कार्यालय अगुवा स्रोत केन्द्रमा स्थापित गरिएको हो", समृद्ध समाजसँग कुरा गर्नुहुँदै इकाई प्रमुख गौतमले भन्नुभयो, "साविकको जिल्ला शिक्षा कार्यालय प्रदेशको आन्तरिक ममिला तथा कानुन मन्त्रालयले उपयोग गरिरहेको छ। अहिले उपमहानगरले के आधारमा खाली गराउने भनेको हो। हामी त हाम्रै संरचनामा बसिरहेका छौं।"

औपचारिकरुपमा कुनै किसिमको समन्वय, छलफल नै नगरी भवन खाली गराउने निर्णय गरेको प्रति इकाई प्रमुख गौतमले आश्चर्य प्रकट गर्नुभएको छ। भवन खाली गराउने भनी निर्णय भएको भन्ने सञ्चार माध्यममार्फत नै जानकारी प्राप्त भएको उल्लेख गर्नुहुँदै इकाई प्रमुख गौतमले भन्नुभयो, "यस विषयमा प्रमुख जिल्ला अधिकारीसँग पनि छलफल गर्छु।"

लामो समय शिक्षा कार्यालयमा रहेर काम गर्नुभएका बद्रिबहादुर पाठकले शिक्षा विकास तथा समन्वय इकाईको भवन खाली गराउने निर्णय उपमहानगरले गर्न नसक्ने बताउनुहुन्छ। हिजो शिक्षा कार्यालय हुँदा शिक्षा कार्यालयले आफ्नै प्रशासनिक कार्यका लागि बनाएको भवनमा रहेको कार्यालय उपमहानगरले हटाउने निर्णय गर्न नसक्ने पाठकको भनाइ छ।

सिद्धार्थ माविको जग्गामा साविक शिक्षा कार्यालयले भवन निर्माण गरेको सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभयो। शिक्षा कार्यालयले उपयोग गर्नु नपर्ने अवस्थामा विद्यालयलाई हस्तान्तरण गर्ने गरी भवन निर्माण गरिएको प्रधानाध्यापक शर्माले जानकारी दिनुभयो। पालिकाले खाली गराउने निर्णयप्रति प्रधानाध्यापक शर्माले पनि आश्चर्य प्रकट गर्नुभएको छ।

उपमहानगरले भने वडा कार्यालयका लागि भवन खोजी गर्ने क्रममा शिक्षा इकाईलाई हटाउने प्रयास गरेको बुझिन्छ। नगर प्रमुख मीना कुमारी लामाले शिक्षा इकाईलाई खाली गर्न सकिने भएरै निर्णय गरिएको दावी गर्नुहुँदै भन्नुभयो, "खाली गर्न सकिएन भने पनि कुनै नौलो कुरा भएन। प्रधानमन्त्रीले गरेको निर्णय त कार्यान्वयन भएको छैन। हामीले गरेका निर्णय पनि कार्यान्वयन हुनैपर्छ भन्ने छैन।"

नक्कली शैक्षिक प्रमाणपत्र प्रकरण

# सांसद् सुनिल शर्मासहित ५ जना पक्राउ



काठमाडौंः नक्कली शैक्षिक प्रमाण पत्र लिएको आरोपमा पक्राउ पर्ने चिकित्सकको संख्या ५ पुगेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले चलाएको अपरेसन 'फोक्सट्रोट चार्ली' मा सांसद् सुनिल शर्मासहित पाँच जना पक्राउ परेको सीआईबीकी निर्देशक एआईजी किरण बज्राचार्यले बताइन्।

पक्राउ पर्ने अन्यमा पिपरा-८, महोत्तरीका डा. रञ्जितकुमार यादव, त्रिवि शिक्षण अस्पताल मा कार्यरत डा. अमित चौधरी, रौतहटका डा. रामबाबु यादव र डा. एरिना साह छन्। साहलाई सीआईबीले काठमाडौंबाट पक्राउ गरेको हो भने यादवलाई रौतहटबाट पक्राउ गरिएको हो। सीआईबीले नक्कली शैक्षिक प्रमाणपत्र भएका चिकित्सकहरुविरुद्ध बिहीबार दिउँसो उपत्यकासहित विभिन्न जिल्लामा एकसाथ अपरेशन चलाएको थियो। त्यहीक्रममा पाँच जना पक्राउ परेको एआईजी बज्राचार्यले बताइन्। पक्राउ परेकाहरुलाई ब्यूरोले लाजिम्पाटस्थित नयाँ कार्यालयमा राखेको छ।

अपराह्न शर्मालाई गोल्फुटारस्थित घरबाट पक्राउ गरेको थियो। उनले आईएस्सीको शैक्षिक प्रमाणपत्र नक्कली लिएर थप अध्ययन गरेको सीआईबीले जनाएको छ। बिहीबारै सीआईबीले उनी पक्राउ परेको बारे संसद् सचिवालयलाई जानकारी गराइसकेको छ। स्रोतः अनलाइनखबर।

## डेङ्गु संक्रमित एकजनाको मृत्यु

# १२ जनामा संक्रमण पुष्टि

समाज संवाददाता

हेटौँडाः डेङ्गु संक्रमित हेटौँडाका एक युवकको मृत्यु भएको छ। हेटौँडा-१२, पदमपोखरीका राजेश प्रधानको डेङ्गु संक्रमणका कारण मृत्यु भएको हो। ३ दिनअघि हेटौँडास्थित सन्चो अस्पतालमा परीक्षण गराउँदा प्रधानलाई डेङ्गु संक्रमण पुष्टि भएको थियो।

सञ्चो अस्पतालका डा. विकास थापाका अनुसार डेङ्गु संक्रमणपछि घरमै आराम गर्ने भनेर गएका प्रधान मंगलबार अस्पताल भर्ना भएको डा. थापाले बताउनुभयो। बुधबार थप उपचारका लागि भरतपुर गएका प्रधानको बिहिबार उपचारको क्रममा नयाँ मेडिकल कलेजमा मृत्यु भएको हो। प्रधानलाई दोस्रो पटक डेङ्गु संक्रमण पुष्टि भएको थियो। डा. थापाका अनुसार दोस्रो पटक संक्रमित हुँदा स्वास्थ्यमा जटिलता सिर्जना हुने गर्दछ।

यस्तै मकवानपुर जिल्लामा २४ घण्टामा १२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले बिहिबार दिउँसो सार्वजनिक गरेको विवरणअनुसार संक्रमण पुष्टि हुने १२ जना नै हेटौँडा उपमहानगरपालिका भित्रका रहेका छन्। मकवानपुर जिल्लामा साउन १ गतेयता ५८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। यस अवधिमा हेटौँडा उपमहानगरपालिका भित्र ५४ जनामा डेंगु संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ।

हेटौँडा उपमहानगरपालिका भित्र साउन महिनामा २८ जना पुरुष र २६ जना महिलामा डेंगु देखिएको जनस्वास्थ्य निर्देशनालयका सार्वजनिक स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो। यस्तै, हेटौँडा अस्पतालमा बिहिबार २७ जनाले डेंगु जाँच गराएका थिए। जाँच गराएका २७ जना मध्ये ४ जनामा डेंगु देखिएको छ। डेंगु १ महिला र ३ पुरुषमा देखिएको हेटौँडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# वनरक्षक पौड्याल एक लाख राशीसहित पुरस्कृत



वनरक्षक पौड्याललाई सम्मान गरिँदै।

समाज संवाददाता

हेटौँडाः मकवानपुरका वनरक्षक यादविन्द्र पौड्यालले एक लाख राशीसहित गणेशबहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभएको छ। वनको संरक्षण, सम्वर्द्धन, दीगो उपयोग, वातावरण सन्तुलन तथा जैविक विविधता संरक्षणमा पुर्याएको योगदानको कदर गर्दै पुरस्कृत गरिएको बताइएको छ।

डिभिजन वन कार्यालय मकवानपुरमा सशस्त्र वनरक्षकको रुपमा कार्यरत पौड्याललाई वन तथा भू-संरक्षण विभागले आयोजना गरेको एक कार्यक्रममा बिहीबार संघीय सरकारको वन तथा वातावरण मन्त्री डा. बीरेन्द्रप्रसाद महतोले पुरस्कार हस्तान्तरण गर्नुभयो।

सामुदायिक वन दिवसको अवसरमा आयोजित कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेल, विभागका महानिर्देशक शिवकुमार वाग्लेको पनि उपस्थिति रहेको थियो।

# आँखा पाक्ने रोगका बिरामी बढ्दै

समाज संवाददाता

हेटौँडाः आँखा पाक्ने रोग 'एडिनो भाइरस कन्जन्टिभाइटिस'को समस्या देशव्यापी बढ्दै गएको छ। हेटौँडामा पनि यस रोगका बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको छ।

हेटौँडा सामुदायिक आँखा अस्पतालमा आँखा पाक्ने रोगको उपचार गराउन आउने बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। पछिल्ला दिनहरुमा आँखा अस्पतालमा धेरैजसो बिरामी आँखा पाक्ने रोगको समस्या लिएर आउने गरेको हेटौँडा सामुदायिक आँखा अस्पतालका डा. सुनिल थकालीले जानकारी दिनुभयो।

पहिला धेरै बिरामी दृष्टि दोष र मोतिबिन्दुका कारण आउने गरेका थिए भने अहिले धेरै बिरामी आँखा पाकेर आउने गरेको डा. थकालीले जानकारी दिनुभयो। आँखा अस्पतालमा साउन ६ गतेदेखि २२ गतेसम्म २ हजार ३ सय २९ जना आँखा पाक्ने रोगका बिरामी उपचारका लागि आएका छन्। साउन ६ गते करिब २७ प्रतिशत बिरामी आँखा पाकेर आएका थिए भने साउन २२ गतेसम्म ७१ प्रतिशत बिरामीमा आँखा पाक्ने रोग देखिएको छ।

'आँखा पाक्ने रोगबाट ४० वर्षभित्रका मानिस धेरै संक्रमण भएका छन्', डा. थकालीले भन्नुभयो- '४० वर्षभित्रका मानिसहरु धेरै बाहिर परिचालन हुन्छन्, जसकारण धेरै संक्रमित हुन्छन्।' अस्पतालमा आँखा पाक्ने रोगको उपचार गराउन आएका बिरामीमध्ये १८ वर्ष मुनिका १ हजार ६३ जना छन्। यस्तै, १९ वर्षदेखि ३४ वर्षसम्मका ५ सय ८२, ३५ वर्षदेखि ४९ वर्षसम्मका ३ सय ८३ र ५० वर्षमाथिका ३ सय १ जना बिरामी आँखा पाक्ने रोगको संक्रमण भएर आएका छन्।

डा. थकालीका अनुसार विद्यालयहरु बन्द गर्ने र कोरोनाको समयजस्तै ठाउँठाउँमा साबुनपानीले हातधुने स्थान बनाएर हातधुने गरे राम्रो यसको संक्रमण कम हुन्छ। 'मनसुनको समय छ। घाम लागेको छैन। वातारण गुम्म छ', डा. थकालीले भन्नुभयो- 'यस्तो मौसममा भाइरस सक्रिय भएका कारण आँखा पाक्ने रोग आएको हो।' भिडभाडमा नगए, संक्रमित व्यक्तिले छोएको ठाउँमा छोएपछि हात धोएरमात्र आँखामा छोए, संक्रमित व्यक्तिले प्रयोग गरेको रुमाल, तकिया प्रयोग नगरे, संक्रमित व्यक्तिको नजिक नगइरहे यो रोगबाट बच्न सकिन्छ।

यो रोग २ देखि ३ घण्टामै सर्ने गरेको छ। अस्पतालमा आँखा पाक्ने रोग जाँच गर्न बारा, पर्सा, सर्लाही, रौतहट, चितवन, सिन्धुली जिल्लाबाट समेत बिरामी आउने गरेका छन्। आँखा पाक्ने रोग १० दिनदेखि २ हप्ताभित्र निको हुने डा. थकालीले बताउनुभयो। यसको विशिष्ट उपचार नभएकाले अस्पतालले एन्टिडटमा काम गर्दै गरेको डा. थकालीले बताउनुभयो।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# गाँजाको विकल्प कफी

मकवानपुर जिल्ला गाँजा तथा अफिम खेतीका लागि उर्वर भूमि बनिरहेको छ । दशकौंदेखि जिल्लाका ग्रामीण भेगमा गाँजा तथा अफिम खेती हुने गरेको छ । गैरकानुनी मानिएको गाँजा तथा अफिम खेती नष्ट गर्न प्रहरी प्रशासनले सक्रियता देखाउने गरेको भए पनि पछिल्लो समय यसको खेती बढ्दै गएको छ । नेपालसहित विश्वका अधिकांश देशमा गाँजा तथा अफिम सेवन, बिक्री वितरण, ओसारपसार तथा खेतीपाती गर्न बन्देज लगाइएको छ । नेपालमा लागूऔषधको रुपमा मानिएको गाँजा खेतीलाई वैधानिकता दिनुपर्ने मागसमेत उठिरहेको छ । कानुनीरुपमा गाँजा खेती गर्ने बाटो खुला गर्न केही वर्ष अघिदेखि माग हुँदै आएको छ । यसका लागि आवश्यक ऐन निर्माण गर्न भन्दै अघिल्लो प्रतिनिधिसभा तथा बागमती प्रदेशसभामा निजी विधेयक दर्ता भए पनि त्यसबारेमा संसदमा छलफल भएको सुनिएको छैन ।

अवैधानिक रहेको गाँजा तथा अफिम खेती अन्त्य गर्न किसानलाई वैकल्पिक खेतीका लागि प्रोत्साहन गर्ने प्रयत्न भइरहेको अवस्थामा प्रहरीले गाँजा खेतीको विकल्पको रुपमा कफी खेतीलाई प्रवर्द्धन गर्ने योजना अघि सारेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले गत आर्थिक वर्ष २०७९/०८० को प्रगति विवरण र चालु आर्थिक वर्षको कार्ययोजना सार्वजनिक गर्दै गाँजा खेतीको विकल्पको रुपमा कफी खेतीलाई प्रवर्द्धन गर्ने योजना अघि सारको हो । प्रदेश प्रहरी कार्यालयले बुधबार पत्रकार सम्मेलन गरेर चालु आर्थिक वर्षमा गाँजा तथा अफिमजस्ता लागूऔषध प्रभावित क्षेत्रमा वैकल्पिक खेतीको रुपमा कफी खेतीलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको बताएको छ । गैरसरकारी संस्थासँगको सहकार्यमा प्रदेश प्रहरी कार्यालयले ५ लाख कफीका विरुवा वितरण गरी व्यावसायिक कफी खेती प्रवर्द्धन गरी लागूऔषध गाँजा तथा अफिम खेतीलाई न्यूनीकरण गर्दै लैजाने योजना अघि सारेको हो । प्रहरीले साउनको पहिलो हप्ता मकवानपुरको राक्सिराङ गाउँपालिकामा गाँजा खेतीको विकल्पको रुपमा कफीको विरुवा रोपेको थियो । प्रहरीले करिब ४ हजार कफीका बिरुवा रोप्नुका साथै १५ हजार कफीका बिरुवा गाउँपालिका अध्यक्षलाई हस्तास्तरण गरेको थियो ।

लागूऔषधको रुपमा परिभाषित गरिएको गाँजा तथा अफिम पहाड तथा तराईका ग्रामीण क्षेत्रमा खेती हुँदै आएको छ । गाँजा तथा अफिम खेती नियन्त्रणका लागि प्रहरीले वर्षेनि व्यापकरुपमा फडानी गर्दै आएको छ । प्रहरीले फडानी गरेर गाँजा तथा अफिम खेती नष्ट गर्दै आएको भए पनि वर्षेनि यसको खेती भइरहेकै छ । गाँजा खेतीको उपयुक्त विकल्प नभएको र गाँजा तथा अफिम बिक्री गरेर चाँडै धनी बन्ने चाहनाका कारण यसको खेतीमा किसान तथा व्यापारी अग्रसर भएको पाइन्छ । कतिपय ठाउँमा प्रहरी प्रशासनको उपस्थिति र कारबाही प्रभावकारी नभएकै कारण पनि गाँजा तथा अफिम खेती गर्न सहज वातावरण बनिरहेको छ । गाँजा तथा अफिम खेतीलाई प्रोत्साहन गर्न प्रहरीसँगको मिलेमतो हुने गरेको आरोप पनि लाग्ने गरेको छ ।

गाँजा र अफिम खेती गर्ने किसानलाई वैकल्पिक खेतीमा आकर्षित गराउन सकेमा यस्तो खेती न्यूनीकरण गर्न सकिन्छ । यसका लागि प्रहरीले अघि सारेको योजना सान्दर्भिक देखिन्छ । किसानलाई गाँजा खेतीको विकल्प दिँदा गाँजा खेती गर्ने क्रम कम हुने निश्चित छ । तर, वैकल्पिक खेतीबाट किसानले सोचेजस्तो आम्दानी प्राप्त गर्न सकेनन् भने फेरि गाँजा तथा अफिम खेतीतर्फ किसान नफर्कलान् भन्न सकिन्न । यसका लागि प्रहरीको अभियानमा गाँजा तथा अफिम खेती बढी हुने स्थानीय तहहरुले पनि सहयोग गर्नु आवश्यक छ । ठूलो रकम लगानी गरेर गरिएको गाँजा तथा अफिम खेती वर्षेनि फडानी गरेर नष्ट गर्नुभन्दा किसानलाई वैकल्पिक खेतीमा प्रोत्साहन गर्नुपर्छ । यसका स्थानीय सरकारले संघ तथा प्रदेश सरकारसँग आवश्यक सहयोग लिएर गाँजा खेती विस्थापनका लागि कफी वा अन्य उपयुक्त वैकल्पिक खेतीलाई प्रवर्द्धन गर्न विशेष योजना बनाएर कार्यान्वयन गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : परिश्रमको प्रतिफल सुन्दर होला । |
| **वृष** | : लगनशीलता र मिहिनेतले लाभ प्राप्त होला । |
| **मिथुन** | : अरुको गल्तीले आफूलाई पीडा होला । |
| **कर्कट** | : मन भावुक र संवेदनयुक्त बन्ने समय छ । |
| **सिंह** | : प्रतिस्पर्धाको दौडमा विजय प्राप्त हुने छ । |
| **कन्या** | : साहित्यिक कार्यक्रमप्रति झुकाव बढ्ला । |
| **तुला** | : सामाजिक तथा धार्मिक काममा सरिक भइने छ । |
| **वृश्चिक** | : प्रतिस्पर्धाबाट लाभ प्राप्त हुने समय योग छ । |
| **धनु** | : ठिक समयमा ठिक निर्णय लिन सकिएला । |
| **मकर** | : बोलीमा मिठास र आत्मबल बढ्ने समय छ । |
| **कुम्भ** | : शत्रुहरुसँग सजगता अपनाउँदा राम्रो होला । |
| **मीन** | : अल्झिएका कामहरु सम्पन्न हुने समय योग छ । |

# ‘नजिकको तिर्थ हेला’



✍शान्ति रिमाल "शितल"

हाल सालै म मेरो एक आफन्तको गएकी थिए, तेहा मेरि दुई भाउजुहरु हुनुहुन्छ, उहाहरु पेर्साले दुबै नर्स ! अनि दुई दाइमा एक दाइ फार्मेसिस्ट त, अर्को दाइ प्याथेलोजी स्पेसालिस्ट । उहाँहरु सबै भिन्न-भिन्न अस्पतालमा हुनुहुन्छ । एक भाउजुको त एक बर्स पनि नपुगेको बाबू छ । मैले लगभग १० दिन दाइ भाउजू र अन्य परिवारसँग रहने मौका पाए, त्यो समयावधिमा मैले उहाँहरुको डिउटि समय अवलोकन गरे कोहि राती जानू हुन्छ, बिहान आउनु हुन्छ । कोहि बिहान गएर बेलुकी त्यो त स्वभाबिक भयो तर ती आमा जस्ले आफ्नु छोरो छोडेर डिउटी गर्न जान्छिन, फेरि आउछिन घरको लागि खाना बनाउँछिन सबैलाइ खुसी राख्छिन अनि भरखरै बिहे भएर आएकी नव-बेहुली जो डिउटीबाट आएर राम्रोसँग सुत्न पनि सक्दिनन । परिवारले हदसम्म साथ दिएको छ । कहिले त हप्तौंसम्म श्रीमान श्रीमतिको भेट हुन पनि मुस्किल हुने । आफ्नु घरको खाना खाएर परिवारको रेखदेखमा दिन रात नभनी खटिएका मेरा दाजु भाउजू । मैले भाउजुलाइ जिस्काएर तलब त सोधे र अलिअलि जिस्किएर कुरा बुझ्न खोजे के तपाइहरु यो काम देखि खुसी हुनुहुन्छ ? सन्तुष्ट हुनुहुन्छ ? जवाफ केही आएन । नेपालमा प्राइभेट होस या सरकारी जुनसुकै क्षेत्रमा काम गर्नेहरुको हकमा न्यायिक फैसला भएको मैले देखिँन । मेरा दाजु भाउजू जस्ता कयौं स्वास्थ्यकर्मी लगायत अन्य क्षेत्रमा खटिनु भएका जो आफ्नो घरबाट पनि टाडा दुर हुनुहुन्छ के उहाहरु आफुले पाउने तलब र सेवा सुविधामार्फत संतुष्ट हुनुहोला त ?

मैले खासमा यो लेख्नु कारण उहाँहरु प्रतिको सम्मान र सहानुभूति भन्दा पनि हाम्रो सरकारमा रहेर विभिन्न कार्यक्रम निकाल्नु हुने महोदयहरुको ध्यानाकर्षण गराउन हो । जस्मा मैले केही दिन अघि सामाजिक संजाल लगायत विभिन्न पत्रिकामा एउटा हेडलाइन देखें । जस्मा लेखिएको थियो 'बिना ढेवाके' तेस भित्र बिदेशमा रहनु भएका दाजुभाइ र दिदी बैनिलाइ लक्षित गरि फ्री टिकटमा नेपाल फर्किने गरि विभिन्न माग खुलाइएको थियो आकर्षक तलब र सुविधा भनेर । प्राथमिकता के हो भन्ने कुरा नबुझेर हो कि ? सोसम्म अनुसन्धान कम भएर हो ? जस्ले मुटुमा देशको माया बोकेर नेपाल मै अहोरात्र खटिएर केही गरेको छ, उस्लाइ ध्यानमा नराखी ! जो सुबिधा र सरल जिवनको खोजिमा बनाइ अरु देशमा आफ्नु जीवन बनाइ सकेको छ, उनिहरुलाइ जिस्काउने काम गर्ने ? बिर्से जस्तो छ उनिहरुकै रेमिटेन्सले देशको अर्थतन्त्र धानिएको ?

यो त सरासर अन्याय भएन र ? "तपाईं १० जना बिदेशिएका नेपाली फ्री टिकटमा नेपाल भित्र्याउनुस, त्यो अवधी भित्र न्यायिक अवधारणा नहुँदा नेपालका १०० जना पासपोर्ट बोकेर अर्को देश स्थानतरण भैसकेका हुन्छन त हजारौं पासपोर्ट बनाउन लाइनमा धक्कामुक्का खाँदै हुनेगर्छ । त्यसैले हजुर "नजिकको तिर्थ हेला" भने जस्तो नगरी महत्व बुझेर सर्वोहित हुने काम गरौ । अनि मात्र बन्छ नेपाल नेपाल जस्तो ।

भरतपुर ०६ चितवन

# हरियाली साउन : तडकभडकभन्दा स्वास्थ्यलाई ध्यान दिऔं



✍सुनिता गाइसी

साउनको माहोल जता हेर्‍यो उतै हरियो भएको छ । खेतीबारी हेर्दा धानका बोट लहलह गर्दै हावामा बयली खेल्दै छन् सँगै मास र भटमासको बोट पनि काल्ना, आलीतिर लहलह भएका छन् । यस्तै सहरबजार चोकतिर पनि अहिले हरियोकै माहोल छ । धेरै महिला दिदीबहिनी हातमा हरिया चुरा, लुगा पनि हरिया लगाएर हिँडेको देखिन्छ ।

हाम्रो समाजमा धार्मिक आस्थाले पनि महत्वपूर्ण भूमिका खेल्दै आएको छ । विशेषगरी साउनलाई शिव भगवानसँग जोडेर हेरिन्छ । यो महिनामा शिवजीको विशेष पूजाआजा गरिन्छ । वास्तवमै धर्म-संस्कृतिले पनि मानव जीवनलाई सही दिशामा लगेको हुन्छ । हाम्रा पुर्खाले बनाएका नियम वैज्ञानिक भएका तथ्यहरु पनि उजागर हुँदै छन् । जस्तै : व्रत बस्नु, पूजापाठ गर्नु, भजन गर्नु, दान दिनु इत्यादि यस्ता कार्यले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक भूमिका खेलेको हुन्छ । महिनामा १, २ दिन व्रत बस्नाले मानिसको पाचन प्रणाली राम्रो हुने, भजन-कीर्तन, पूजाआजाले मानिसलाई मानसिक सन्तुष्टि दिने गर्छ, जसले गर्दा पारिवारिक कलह कम हुन्छ, भावनात्मक सम्बन्ध बढ्छ ।

साउनमा हरियो चुरा वा लुगा लगाउने चलन बढ्दो छ । विशेषगरी साउनको सोमबार शिवालय, मन्दिरहरुमा भक्तजनहरु यस्तै स्वरुपमा देखिन्छन्, यस्तो गर्नु गलत हो भन्न खोजेको होइन । यस्ता कुरा त आफ्नो व्यक्तिगत हुन्, कसैलाई मनपर्छ त कसैलाई मनपर्दैन । हिन्दु समाजमा कतिपय दिदीबहिनी साउनभरि व्रत बस्दै हातमा हरिया चुरा, मेहेन्दी र हरिया लुगामा सजिन चाहन्छन् भने कतिपय दिदीबहिनीहरु अरु बेलाजस्तै सामान्य लुगामै व्रत-उपासना गर्छन्, कतिपयलाई यी सब कुरामा चासो नभएको पनि देखिन्छ ।

वास्तवमा हरियो लगाएरभन्दा पनि हरियो खाएमा हाम्रो जीवन स्वस्थ हुन्छ । कतिपय समयमा हामीले सोखका रूपमा लगाएको मेहन्दीले विभिन्न किसिमको इन्फेक्सन गरी छालाका रोग लागेका कुरा पनि सुन्नमा आएका छन्, त्यसैले क्षणिक खुसीभन्दा सरल र स्वस्थ जीवनबारे हामीले सोच्नुपर्छ । स्वास्थ्य नै सबै भन्दा ठूलो सम्पत्ति हो, बेलैमा विचार नगरे फुर्सदमा पछुताउनुपर्ने हुन्छ ।

अर्कोतिर, हाम्रा क्रियाकलापले कतिपय अवस्थामा हाम्रो परिवारलाई अनावश्यक आर्थिक भार परिरहेको हुन्छ, जसले गर्दा घरमा श्रीमान्-श्रीमतीको सम्बन्धमा दरार पर्छ । श्रीमान्ले १० धारा पसिना बगाई कमाएको सम्पत्ति श्रीमतीले फेसनको नाममा अरुको लहैलहैमा लागेर खर्च गरेका छन् । सबैजना यस्ता हुन्छन् भनेको होइन तर यस्तो क्रियाकलाप गर्नेको कमी छैन हाम्रो समाजमा ।

आर्थिक पक्ष जीवनको महत्वपूर्ण पाटो मानिन्छ, भन्नलाई त पैसा सबै थोक होइन भन्छौं तर अन्तिममा त्यही पैसा नभई हाम्रो जीवन चल्दैन । धेरै कमाइ हुँदैमा धनी वा सम्पन्न बन्ने होइन । आफ्नो कमाइलाई सही रूपमा प्रयोग गरी बचत गर्ने बानी भएमा हामी सम्पन्न र सुखी हुन सक्छौं । त्यसैले हाम्रो उखान छ, घाँटी हेरी हाड निल्नुपर्छ ।

खर्च कम गर्न हामीले अघिल्लो वर्षका सामानलाई समय सुहाउँदो किसिमले प्रयोग गर्न सक्छौं । जस्तै : गएको वर्षका हरिया चुरा, पोते, कपडा यो वर्ष पनि प्रयोग गरौं । अनावश्यक फजुल खर्च कहिले नगरौं । यसो गर्दा परिवारमा सुख शान्ति कायम गर्न मद्दत गर्दछ । हाल सामाजिक सञ्जाल टिकटकमा बुढाले हरियो चुरा, पोते आदि नकिनिदिएको गुनासोसहितका भिडियो प्रशस्त हेर्न पाइन्छ ।

कतिपयले रमाइलोका लागि त कतिपयले आफ्नो व्यथा पोख्दै यस्ता भिडियो बनाएका छन् । अरु बेला समानताका कुरा गर्ने महिलाले यस्ता कुरामा पनि थोरै विचार गर्ने हो कि ? यसो भन्दैमा संस्कृतिको विरोध गर्न खोजेको होइन, आफ्नो इच्छा अनुसार लगाउन, खान, र माइलो गर्र्ने अधिकार सबैलाई छ, तर हुने-खाने केही सीमित वर्गले गर्ने यस्ता क्रियाकलापले धेरैमा असर पर्न गएको कुरा पत्तो नै हुँदैन । हरियो चुरा, मेहन्दी किन्नका लागि बर्सेनि लाखौं रुपैया बिदेसिएको तथ्यलाई पनि नकार्न सकिँदैन । यी कुराको चर्चा गरिरहँदा हालसालै कवि अर्जुन पराजुलीले लेखेको कविताको सम्झना भयो :

*हरियो सारी लगाउँदैमा*
*शिवजी खुसी हुँदैनन् महासय*
*खुसी हुन्छन् त पसलका साहुजी शिव शर्मा ।*

यसरी समाजमा देखापरेको देखासिकी गर्ने संस्कारलाई यस कविताले व्यंग्य गरेको छ ।

हामीले हाम्रो धार्मिक आस्था, परम्परा, चाडपर्व, संस्कृतिको जगेर्ना गर्नुपर्छ, तर त्यसमा हुने तडकभडकलाई कम गर्न आफैं सचेत हुन जरुरी छ, यस्ता कुराका बारेमा चर्चा, विश्लेषण हुनु पनि जरुरी छ । राम्रा कुरालाई हामीले सदैव आत्मासात गर्नुपर्छ भने विकृति, फजुल र अनावश्यक खर्च र तडकभडकको खुलेर विरोध गर्नु सचेत नागरिको कर्तव्य हो । समृद्ध समाज निर्माण गर्न हामी सबै लाग्नुपर्छ ।

(लेखक गाइसी भक्तपुरको ख्वप कलेजमा समाजशास्त्र विषयको उपप्राध्यापक छन् । स्रोतः रातोपाटी)

# आँखा पाक्ने रोगबाट जोगिने ६ उपाय

अहिले आँखा पाक्ने रोगले धेरैलाई ग्रसित बनाएको छ । साना बालबालिकामा अझ यो समस्या धेरै देखिएको छ, जसका कारण कतिपय स्थानमा विद्यालयमा समेत बिदा दिइएको छ ।

यस्तोमा आँखा पाक्ने रोगबाट कसरी जोगिने भन्ने धेरैलाई चिन्ता भइरहेको हुन्छ । यसबाट जोगिने मुख्य उपाय सरसफाइमा ध्यान दिनु हो । आँखा पाक्ने समस्या भइहालेमा निम्न कुरामा ध्यान पुऱ्याउनुपर्छ ।




**साबुनपानीले हात धुने**

आँखा पाक्ने व्यक्तिलाई छुँदा, उसले प्रयोग गरेका सामान छुँदा र आँखामा औषधि लगाइसकेपछि साबुनपानीले हात धुनुपर्छ । किनकि आँखा पाक्ने रोग आँसु र कचेराका कारण सर्ने गर्छ । यी सबै गरिसकेपछि हात धुँदा संक्रमण हुने जोखिम न्यून हुन्छ । त्यसैले हेलचेक्र्याइँ नगरी आँखा पाक्ने रोग लागेका मानिससँग प्रत्यक्ष सम्पर्कमा आउँदा हात धुने गर्नुपर्छ ।

**छुट्टै सुत्ने**

आँखा पाकेको छ भने त्यस्ता व्यक्ति निको नभएसम्म छुट्टै कोठामा सुत्नु राम्रो हुन्छ । यसो गर्दा संक्रमित व्यक्तिको घरका अरु सामानसँग प्रत्यक्ष सम्पर्क हुन पाउँदैन र सर्ने सम्भावना कम हुन्छ । त्यस्तै आँखा पाकेका व्यक्तिले प्रयोग गरेका रुमाल, तकिया, लुगा, मोबाइल, ल्यापटप लगायत सामान अरुले प्रयोग नगर्नु उत्तम हुन्छ ।

**मुख धुने**

आँखा पाकेको बेला पटकपटक मुख धुनुपर्छ । यसबेला आँसु बगिरहने र कचेरा आइरहने भएकाले मुख धुँदा ती आँसु र कचेरा पखालिन्छन् । जसले अरुलाई सर्ने सम्भावना न्यून हुन्छ । तर आँखालाई हातमा पानी राखेर झिमझिम गर्ने वा आँखालाई बल गरेर धुने कार्य भने गर्नुहुँदैन । यसले संक्रमण बढ्न सक्छ । त्यसैले आँखा चिम्लेर दैनिक चार-पाँच पटक धुन सकिन्छ ।

**चश्मा लगाउने**

आँखा पाकेका व्यक्तिले कालो चश्मा लगाएर बस्नुपर्छ । यसो गर्दा अरुलाई

...बाँकी पृष्ठ ३ मा

# स्कुलले ...प्राक्टिकल नलेज; मा ध्यान दिनुपर्छ ।

विद्यालयमा विद्यार्थीलाई सिकाउने भन्दा पढाउने प्रचलन बढी छ । विद्यार्थी सिक्न खोज्छन्, विद्यालयले पढाउन खोज्छ । पढाउने कि सिकाउने भन्ने दोसाँधमा विद्यालयमा विद्यार्थीले शिक्षा हासिल गर्न सकिरहेका छैनन् । विद्यालय पनि आफ्ना विद्यार्थीको ग्रेडसिटमा उच्च अंकमा बढी ध्यान दिइरहेको हुन्छ । यसैसन्दर्भमा विद्यार्थीका मनोभावना र पठनपाठनको विषयमा रहेर समृद्ध समाज दैनिकका लागि संगी लामाले हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल स्कूलकमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी दिप्ती क्षेत्री र रेमिन्स ढुंगानासँग गर्नुभएको कुराकानी:




**दिप्ती क्षेत्री, रेमिन्स ढुंगाना**
**कक्षा-८, तुलसी मेहर मेमोरियल इंग्लिस सेकेण्डरी स्कुल**

*समाजः पढाई कस्तो चलिरहेको छ, आफ्नो पढाईबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?*
**दिप्ती**: अहिले मेरो पढाई राम्रै चलिरहेको छ । अनि घरमा पनि पढ्ने गरिरहेको छु । स्कुलमा पढाउने बेला सर, मेडमहरुले राम्ररी बुझाएर पढाउने गर्नु हुन्छ । सन्तुष्ट नै छु अहिले त ।

*समाजः कक्षामा अरु साथीको तुलनामा आफु कत्तिको मिहिनेतले पढेको छु जस्तो लाग्छ ?*
**दिप्ती**: दुई तीन जना भन्दाचैं अलि कम नै छु जस्तो लाग्छ मलाई । तर पनि राम्रै मिहिनेत गर्नेमा पर्छु जस्तो लाग्छ ।

*समाजः अब उनीहरुलाई पनि पछि पार्ने गरी पढ्नु पर्‍यो, के गरेर कसरी पढ्न सकिन्छ त ?*
**दिप्ती**: अब घरमा पनि रुटिन बनाएर पढ्ने योजनामा छु । स्कुलमा पनि राम्रोसँग ध्यान दिएर पढ्ने गर्नुपर्छ भन्ने अठोट लिएकी छु ।

*समाजः अनि पढिएका विषयहरुमध्ये कुन विषय चै प्रभावकारी लाग्छ तपाईका लागि, या भनौं तपाईको मनपर्ने विषय कुन हो ?*
**दिप्ती**: मलाई नेपाली विषय मन पर्छ ।

*समाजः नेपाली विषय नै मन पर्नुको कारण के हो ?*
**दिप्ती**: नेपाली पहिलेदेखि बोलिरहेको हुँदा सजिलो लाग्छ । नेपालीको अभ्यास घरमै पनि धेरै हुने गर्छ । अनि म मेरो दैनिकी लेख्ने पनि गर्छु । त्यसैले नेपाली सजिलो लाग्छ ।

*समाजः सबै भन्दा गाह्रो चै कुन विषय लाग्छ, र किन ?*
दिप्ती: 'सोसल' गाह्रो लाग्छ । किनकी धेरै लेख्दा पनि नम्बर थोरै आउँछ । थोरै समय हुने भएकोले सोसलमा लेखेरै भ्याइँदैन ।

*समाजः कक्षामा अरु विद्यार्थीको तुलनामा आफुलाई कुन श्रेणीमा राख्न रुचाउनु हुन्छ ?*
**रेमिन्स**: यो कुरामा घमण्ड त गर्नु हुँदैन । तैपनि मलाई लाग्छ मेरो कक्षाको दुईटै सेक्सनबाट म नै अगाडि छु ।

*समाजः विद्यार्थीको पढाईलाई ध्यानमा राखेर हेर्दा विद्यालयको पढाईमा फाईदा पुऱ्याउने कस्तो खालको वातावरण छ जस्तो लाग्छ ?*
**रेमिन्स**: तुलसी मेहर एउटा राम्रो स्कुलकोरुपमा चिनिन्छ । तुलसी मेहर २०३८ सालबाट निरन्तर चलिरहेको छ । नेपालको जनशक्ति उत्पादन गर्ने क्षेत्रमा थुप्रै योगदान गरि सकेको छ । हाम्रो स्कुलको 'ईन्भाईरोमेन्ट' एकदम राम्रो छ, 'एक्टीभिटिज'हरु राम्रो छ । शिक्षकहरुसँग 'ईन्टर्याक्ट' गर्नलाई छुट्टै सेक्सन छ । यस्ता थुप्रै कुराहरु छन् । त्यसैले फाईदाकै कुराहरु धेरै छन् ।

*समाजः स्कुलमा सुधार्नु पर्ने कुरा के देख्नुहुन्छ ?*
**रेमिन्स**: स्कुलले सुधार्नु पर्ने कुरा भनेको विद्यार्थीलाई घोकाउने मात्र होईन, 'प्राक्टिकल नलेज' मा ध्यान दिनुपर्छ । त्यसलाई बुझाएर अझ धेरै राम्रो गर्नु पर्छ ।

*समाजः कुन शिक्षक हुनुहुन्छ, जसले विद्यार्थीको मनस्थितिलाई बुझेर राम्रोसँग पढाउने गर्नु भएको छ ?*
**रेमिन्स**: विकेश लामा सर हुनुहुन्छ । उहाँले अंग्रेजी पढाउनु हुन्छ । उमेरले उहाँ हामी भन्दा ठुलै हुनु भएपनि विद्यार्थीको मनोभावनालाई बुझेर पढाउनु हुन्छ ।

*समाजः एउटा राम्रो शिक्षकमा के कस्तो गुण हुन जरुरी छ ?*
**दिप्ती**: अलि बुझाएर पढाउनु पर्‍यो । घोकाउनु भन्दा धेरै बुझाउनु पर्‍यो । विद्यार्थीसँग 'फ्रेण्डली ईन्भाईरोमेन्ट'मा बोलिदिनु पर्‍यो । तर्साउनु भन्दा हाम्रो भविष्यका लागि हो भनेर बुझाउन सक्नु पर्‍यो ।

*समाजः स्कुलबाट कुनै खेलकुद प्रतियोगितामा भाग लिन लैजाने गरेको छ कि छैन ?*
**दिप्ती**: लैजानु हुन्छ तर मैले चैं खेलहरुमा भन्दा पनि क्विजहरुमा भाग लिने गरेको छु ।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

# आँखा पाक्ने रोग सम्बन्धी जानकारी

आज भोलि समुदायमा आँखा पाक्ने रोग (ऋयलवगलअतष्खष्तष्क, च्भम भथभ) को प्रकोप बढेको पाइएको छ । बाटोमा हिँड्दा, खेल्दा, मुख धुँदा आँखामा फोहोर पदार्थहरु परेर आँखाको संक्रमण हुन सक्छ । यस अवस्थामा आँखा रातो हुने, चिलाउने, चिप्रा लाग्ने आदि लक्षणहरु देखिन्छन् । यस्तो अवस्थामा तुरुन्त उपचारका लागि आँखा उपचार केन्द्रमा लैजानु पर्छ ।

**आाखा पाक्ने रोगबाट बच्ने उपायहरूः**
- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आाखा पाक्ने रोग लागिहालेमा के गर्ने ?**
- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछि हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

नोटः जानेर वा अन्जानमा आँखामा स्वास्थ्यकर्मीको सल्लाह बिना औषधी वा अन्य कुनै पदार्थ प्रयोग गर्दा आँखाको बाहिरी नानीमा घाउ भई फूलो परेर आँखा नदेख्ने अवस्थामा पुग्न सक्छ । आँखामा प्रयोग हुने दुध जस्तो औषधि आँखाको समस्या भएमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार मात्रै औषधी उपचार गराउन पर्छ र एक पटक दिएको औषधि बारम्बार आफैंले किनेर हाल्न हुँदैन ।

# कोरोनाअघिकै लयमा अन्तर्राष्ट्रिय हवाइ उडान, दैनिक ८० वटा उडान

सविना कार्की/सेतोपाटी

काठमाडौंः अन्तर्राष्ट्रिय उडानतर्फ हाल ३० वटा वायुसेवा कम्पनीले दैनिक ८० वटा उडान भरिरहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका अनुसार यो उडान संख्या कोरोनाअघिको तुलनामा थोरै मात्र कम हो । कोभिड संक्रमण हुनुअघि नेपालमा ३२ वटा वायुसेवाले दैनिक एक सय वटा उडान गर्थे ।

'कोभिडअघि दैनिक एक सयभन्दा बढी उडान हुन्थ्यो । यसमा २० हजार भन्दा बढी यात्रु आवतजावत गर्थे,' विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले भने, 'अहिले कोभिडअघिको अवस्थासँग तुलना गर्दा हवाइ उडानमा ८५ प्रतिशत रिकभरी भइसकेको छ ।' महाप्रबन्धक तिवारीका अनुसार अन्तर ाष्ट्रियतर्फ हाल दैनिक ८५ वटा उडान भइरहेको छ । जसमा १० हजारभन्दा बढी यात्रु आवतजावत गर्ने उनले बताए । कोभिडका कारण उडान बन्द गरेका अधिकांश मुलुकहरूले नेपालमा फेरि उडान गर्न थालिसकेका छन् ।

कोभिडपछि लामो समयसम्म उडान रोकेको चीनले पनि अहिले नेपालमा उडान सुरू गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । कोरोनाको समयमा धेरैजसो एयरलाइन्सहरूले कार्गो सेवा भने दिइरहेका थिए । तीनै एयर लाइन्सहरू अहिले नियमित उडानमा जोडिएको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए । उनकाअनुसार आगामी साताबाट चिनियाँ वायुसेवा चाइना इस्टर्नले कुन्मिङदेखि काठमाडौं उडान गर्दैछ । यो उडानसँगै कोरोनाकालीन समयमा रोकिएका चीनियाँ एयर लाइन्सहरूको अब नियमित उडान हुनेछ । प्राधिकरणले चाइना इस्टर्नलाई आगामी सोमबार (अगस्ट १४) देखि सातामा एक उडान गर्न अनुमति दिएको छ।

कम्पनीले बोइङ ७३७-७०० जहाजमार्फत सुरूमा साताको एउटा उडान गर्ने भएको हो । 'कम्पनीले सुरूमा साताको एउटा उडान गर्न पाउने गरी अनुमति पाएको छ,' प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले भने, 'कम्पनीले माग अनुसार उडान संख्या बढाउँदै लैजाने जानकारी दिएको छ ।' चाइना इस्टर्नले कोभिडअघि सातामा ७ वटा उडान गर्दै आएको थियो । कोभिड नियन्त्रणमा आएपछि भने कार्गो उडान मात्र गर्दै आएको थियो । कोभिडपछि सुरूमा चीनबाट क्याथे प्यासिफिकले उडान थालेको थियो ।

क्याथेले गत असोज २५ गते ए ३३०-३०० सिरिजको जहाजमार्फत उडान सुरू गरेको थियो । केही समयसम्म सातामा एक उडान भरेको क्याथेले अहिले उडान संख्या बढाएर सातामा पाँच पुऱ्याएको छ । हाल क्याथेले आइतबार, मंगलबार, बुधबार, शुक्रबार र शनिबार नियमित उडान गरिरहेको छ । त्यस्तै, चीनको राष्ट्रिय ध्वजावाहक एयर चाइनाले कोभिडपछि गत जेठ २९ बाट नियमित उडान गरिरहेको छ । एयर चाइनाले भने सातामा सातै उडान गरिरहेको सूचना अधिकारी भुलले बताए ।

तीन वर्षपछि गत असार २४ बाट पुनः नियमित उडानमा जोडिएको तिब्बत एयरलाइन्सले आइतबार र बिहीबार गरी सातामा दुई उडान गरिरहेको छ । एयर लाइन्सले सियान-काठमाडौं-सियान उडान गरिरहेको भुलले जानकारी दिए । एयर लाइन्सले कोभिडअघि छेन्दु-काठमाडौं सातामा पाँचवटा चार्टर्ड उडान गर्थ्यो । अघिल्लो वर्षको चैतबाट सिचुवान एयर लाइन्सले पनि नियमित उडान गरिरहेको छ । कोभिडअघि छेन्दु-काठमाडौं सातामा चार उडान गरिरहेको सिचुवानले हाल सातामा सातवटै उडान गरिरहेको छ । यससँगै चीनले आफ्ना ६ वटै वायुसेवामार्फत नेपालमा नियमित उडान थालेका छन् । चीन राजधानी बेइजिङतर्फ काठमाडौंबाट हिमालय एयरलाइन्सले पनि नियमित उडान गरिरहेको छ ।

'चाइनाले लामो समयपछि आफ्ना सबै उडानहरू फेरि थालिसकेको छ,' सूचना अधिकारी भुलले भने, 'अन्य मुलुकबाट पनि सबैजसो एयरलाइन्सहरू नियमित उडानमा जोडिइसकेका छन् ।' त्यस्तै छिमेकी मुलुक भारत-नेपालको हवाइ रूटमा हाल ६ वटा वायुसेवा छन् । जसमा हाल नियमित उडानमा एयर इन्डिया, इन्डिगो र भिस्तारा गरी तीन वटा भारतीय वायुसेवा छन् । विगतमा भारतबाट जेट, किङफिसर, स्पाइसजेट, जेटलाइट, एयर इन्डिया र इन्डियो एयरले पनि उडान गर्थे ।

हाल नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवाको संख्या ३० पुगेको छ । कोरोना संक्रमणअघि नेपालमा ३२ वटा वायुसेवाले अन्तर्राष्ट्रिय उडानमा थिए । प्राधिकरणका अनुसार हाल नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स, कतार एयरवेज, एयर इन्डिया, इन्डिगो, भिस्तारा, फ्लाइ दुबई, एयर अरेबिया, एयर अरेबिया अबुधावी, सलाम एयरले नियमित उडान गरिरहेका छन् ।

त्यस्तै, एयर चाइना, क्याथे प्यासिफिक, सिचुवान एयर, चाइना इस्टर्न, चाइना साउर्थन, टर्किस एयरलाइन्स, जजिरा एयरलाइन्स, विमान बंगलादेश, कोरियन एयर, भुटान एयर, सिंगापुर एयर लाइन्स, मलेसियन एयरलाइन्स, मालिन्दो एयर, टर्किस एयरलाइन्स, श्रीलंकन एयर लाइन्स, ड्रुक एयर, थाइ लाइन, थाइ स्माइल एयरवेजलगायत ३० वटा कम्पनीले नियमित उडान गरिरहेका छन् ।

# विरोधपछि सिद्धार्थनगरले घटायो एकीकृत सम्पत्ति कर



बुटवलः विरोध भएपछि रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले एकीकृत सम्पत्ति कर घटाएको छ ।

नगरपालिकाले गत बर्ष भन्दा सात सय प्रतिशतदेखि बाह्रसय प्रतिशतसम्म वृद्धि गरेर चालु आर्थिक बर्षबाट एकीकृत सम्पत्ति कर लिन सुरु गरेपछि विभिन्न राजनीतिक दल, व्यवसायिक र सामाजिक संघ संगठनले विरोध जनाएका थिए ।

अस्वभाविकरुपमा कर बढाएको भन्दै उनीहरु पुरानै दर कायम गर्न माग गर्दै आन्दोलित भएका थिए । चौतर्फी विरोध भएपछि नगरपालिकाले विशेष नगर सभा बोलाएर बढाएको करको दर खारेज गरेको छ ।

विशेष नगरसभाले गत बर्ष लिंदै आएको करमा २० प्रतिशतले मात्रै वृद्धि गर्ने निर्णय गरेको छ । तर नेकपा एमालेका जनप्रतिनिधिहरुले भने १० प्रतिशत मात्रै वृद्धि गर्नुपर्ने अडान राख्दै नगर सभा बहिस्कार गरेका छन् ।

सबैतिरबाट कर घटाउन सुझाव आएपछि विशेष नगर सभा बोलाएर यसअघि भएको निर्णय सच्याउादै २० प्रतिशत मात्रै वृद्धि गर्ने निर्णय पारित गरेको मेयर इस्तियाक अहमद खाालेे बताए ।

नेकपा एमालेका जनप्रतिनिधिहरुले भने मेयर खानले जबर्जस्ती निर्णय गराएको बैठकमा सहभागी वडा नम्बर ८ का सदस्य प्रकाश पाण्डेले बताए ।

## आँखा पाक्ने रोगबाट...

सर्ने सम्भावना कम हुन्छ । साथै आँखाको नानीमा असर परेकाहरूलाई नाङ्गो आँखाले उज्यालोमा हेर्दा अप्ठ्यारो र चिडचिडापन हुने भएकाले त्यसबाट जोगाउन मद्दत गर्छ । साथै संक्रमित आँखामा थप बाह्य संक्रमण हुनबाट रोक्न पनि मद्दत गर्छ ।

**एन्टिबायोटिक प्रयोग गर्ने**

आँखा पाकेमा चिकित्सकलाई जाँच गराएर एन्टिबायोटिक लगाउन सकिन्छ । दिनको तीनदेखि पाँच पटकसम्म यसलाई लगाउन सकिन्छ ।

**भीडभाडबाट टाढा रहने**

आँखा पाकेको छ भने भीडभाडमा हुने स्थान जस्तै, विद्यालय, पार्क र मलमा जानुहुँदैन । सकेसम्म घरमै बस्दा उचित हुन्छ । यसले गर्दा अरुलाई सर्ने सम्भावना कम हुन्छ । प्रायः बालबालिका, वृद्धवृद्धा र रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई यो रोग चाँडै सर्छ ।

(नेत्ररोग विशेषज्ञ डा. भण्डारी धनगढीको गेटा आँखा अस्पतालमा कार्यरत छन् । उनीसँग अनलाइनखबरकर्मी रेणु त्वानाबासुले गरेको कुराकानीमा आधारित)

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## मोटरसाइकल हराएको सूचना

**मिति २०८० साल श्रावण २ गतेका दिन हेटौंडा–१५, रातोमाटे बस्ने रिजय कुमार लामाको हुलास फिन सर्भ लिमिटेडको नाममा रहेको बा.प्र. ०३–००५प ९५१ नम्बरको कालो रङ्गको २२० सिसिको पल्सर मोटरसाइकल (चयाचिस नम्बर** (MD2A13EXXMCE90120, **इन्जिन नम्बर** DKXCME11649) **हेटौंडा–४, प्रतिभा नगरबाट दिउँसो ३:३० बजेको समयमा घर अगाडि पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित गरिन्छ । सम्पर्कः ९७६६३६७३३६**

# सामुदायिक वन दिवसमा सरोकारवालाहरुबीच अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः सामुदायिक वन दिवस सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम गरी मकवानपुरमा मनाइएको छ । 'उत्पादन, रोजगार र समृद्धिका लागि सामुदायिक वन व्यवस्थापन' भन्ने नाराका साथ यसवर्ष डिभिजन वन कार्यालय मकवानपुर, हेटौंडा डिभिजन वन कार्यालय राप्तीको आयोजनामा दिवस मनाइएको हो।

नेपालको कुल भू-भागको ४४ दशमलब ७४ प्रतिशत क्षेत्रफल वनले ढाकेको छ । दिवसको अवसरमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा हेटौंडा डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णुप्रसाद आचार्य, फरेष्ट्री क्याम्पसका वनविज्ञ कृष्णप्रसाद दाहाल, सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन)का बलराम अधिकारी र स्थानीय तहबाट मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपालीले अन्तरक्रियामा सहजीकरण गर्नुभएको थियो ।

अन्तरक्रियाको क्रममा सरकारले लगाएको तेहेरो कर खारेज गर्नुपर्ने माग राखेका छन्। सरकारले सामुदायिक वनलाई उद्यम कार्यक्रम दिनुपर्ने विषयमा उपस्थित सरोकारवालाहरुले कुरा उठाएका थिए । सरकारले वनलाई उद्यमी बनाउन ऐनबमोजिम कार्य नगरेको हुनाले सामुदायिक वन समिति मर्कामा पर्ने गरेकोसमेत जानकार गराएका थिए ।

समुदायले वनको जिम्मा लिएपश्चात् वन समितिले के-के काम गरे भन्ने सरकार पक्षले समीक्षा गर्नुपर्नेमा पनि सरोकारवालाले जोड दिएका थिए । सरोकारवालाको सवालको जबाफ दिने क्रममा फेकोफनका बलराम अधिकारीले सामुदायिक वनले गरेका कामको समीक्षा गर्नुपर्नेमा जोड दिनुभएको छ । सरकारले नै राष्ट्रिय वनको ५० हेक्टर आसपासमा व्यक्तिगत व्यवसायको लागि दिने निर्णय भएता पनि विभिन्न समस्या आउने गरेको उहाँको भनाइ छ । सरकारले लगाएको करको विषमा महासंघ आन्दोलनमा नै रहेको उहाँले जानकारी गराउनुभयो ।

फरेष्ट्री क्याम्पसका वनविज्ञ दाहालले वन ऐन २०४९ ले वन संरक्षण गर्ने भन्ने रहेको र वन ऐन २०७५ मा आउँदा पनि वन संरक्षण गर्ने, वनको उपयोग गर्ने, वनको उपयोगबाट राज्यको आयस्रोत बढाउनेजस्ता ऐन रहेकाले वनको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । पछिल्लो समय वनको उपयोग गरी राज्यको आयआर्जनको पाटोमा लैजान आवश्यक रहेको अध्ययनले देखाएको उहाँले बताउनुभयो ।

सामुदायिक वनका कर्मचारी र सामुदायिक वन समिति सबै मिलेर काम गरेमा वन संरक्षण गर्न सहज हुने हेटौंडा डिभिजन वन कार्यालय राप्तीका प्रमुख आचार्यले बताउनुभयो । वन बनाउने सन्दर्भमा काम गर्नुपर्ने बताउँदै वनलाई उत्पादनशील क्षेत्र, पर्यटकीय क्षेत्र विभाजन गरेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सामुदायिक वन समूहरुले कर बढाएको विषयमा आन्दोलन नगरी वनबाट सरकारले लिएको कर वन क्षेत्रमा नै लगानी गर्नुपर्ने माग राखेर आन्दोलन गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभएको छ ।

स्थानीय तहको तर्फबाट मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपालीले ऐन निर्माण गर्दा सचिवस्तरबाट निर्णय हुने भएकाले सामुदायिक वनको समिति र ऐन नमिल्ने धारणा राख्नुभयो। सामुदायिक वन जनताले जोगाएकाले जनताले नै उपभोग गर्न पाउनुपर्ने उहाँको भनाइ छ । सरकारले ल्याएको वन नीति राम्रो नभएका कारण विदेशबाट काठ र काठका सामान मगाउनुपर्ने बाध्यता भएको र वनका काठ कुहिएर गएको भन्दै उपाध्यक्ष नेपालीले ऐन निर्माणमा सरकारको कमजोरी भएको आरोप लगाउनुभयो ।

# औषधी व्यवसायीको सचेतनामूलक कार्यक्रम



समाज संवाददाता

हेटौंडाः औषधी व्यवसायी संघ मकवानपुरले आँखा पाक्ने समस्या र डेंगु संक्रमणको विषयमा सचेतनामूलक कार्यक्रम गरेको छ । बिहिबार साँझ हेटौंडाको बुद्धचोकमा व्यवसायीले प्लेकार्ड बोकेर सर्वसाधारणलाई सचेत गराएको छ ।

औषधी व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठले आँखा पाक्ने समस्या र डेंगु महामारीको रुपमा फैलिरहेको र त्यसबाट सचेत रहन सर्वसाधारणलाई आग्रह गर्ने गरी कार्यक्रम आयोजना गरिएको बताउनुभयो । संघका पदाधिकारीको एक समूहले सचेतनामूलक प्लेकार्ड प्रदर्शन गरेका हुन् ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# मनहरीमा वडास्तरीय फुटबल

समाज संवाददाता

मनहरीः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-३ मा वडास्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ। वडा नम्बर १, २ र ३ का १३ वटा टिमको सहभागिता रहेको फुटबल प्रतियोगिता बिहिबारबाट शुरु भएको हो । बिहिबार सम्पन्न खेलमा मनहरी २, ठाडो खोलाको जुनतारा युवा क्लबलाई सिद्धकाली युवा क्लबले ५-४ गोलअन्तरले पराजित गरेको छ। यसअघि मनहरी-१ को मोर्डन युवा क्लब मकरी र जनसिद्ध युवा क्लब 'बी' बीचको खेलमा मोर्डन युवा क्लबले जीत हात पारेको छ भने जनआधार युवा क्लब र बुद्ध युवा क्लबबीच भएको खेलमा जनआधार युवा क्लबले बाजी मारेको छ। फाइनल खेल साउन ३० गते सम्पन्न हुने आयोजकले बताएको छ ।

# टेबलटेनिस प्रतियोगितामा २५ जना सहभागी हुँदै




समाज संवाददाता

हेटौंडाः जिल्लास्तरीय खुला टेबलटेनिस प्रतियोगितामा २५ जनाको सहभागिता रहनेभएको छ। नेपाल खेलकुद महासंघ मकवानपुरको आयोजनामा आज शुक्रबार र भोलि शनिबार हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा हुने प्रतियोगिताको विजेताले नगद ५ हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद ३ हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने महासंघका सचिव संगीत श्रेष्ठले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा सहभागी भई उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीले राष्ट्रिय टिममा सहभागिताको अवसर समेत प्राप्त गर्ने सचिव श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा १६ वर्षभन्दा बढी उमेर समूहका सहभागी रहने उहाँले जानकारी दिनुभयो। प्रतियोगितामा सहभागीले एकल प्रतिस्पर्धामा मात्रै सहभागिता जनाउनेछन् । लामो समयदेखि टेबलटेनिस प्रतियोगिता आयोजना हुन नसकेको सन्दर्भमा महासंघले प्रतियोगिताको सुरुवात गरेको सचिव श्रेष्ठले जानकारी दिनुभएको छ । आगामी दिनमा टेबलटेनिस प्रतियोगितालाई नेपाल खेलकुद महासंघले नियमितरुपमा सञ्चालन गर्दै जाने उहाँको भनाइ छ ।

## मध्यपृतनापति ट्रफी-२०८०

# गोरखबहादुर गण र नं. ७ बाहिनी प्रथम



*पुरस्कार वितरण गर्नुहुँदै पृतनापछि प्रदीपजंग केसी ।*

समाज संवाददाता

हेटौंडाः नेपाली सेनाको मध्यपृतनाले आयोजना गरेको पृतनापति ट्रफी-२०८० मा गोरख बहादुर गण प्रथम भएको छ । यस्तै बाहिनीतर्फ नम्बर ७ बाहिनी अड्डा प्रथम हुन सफल भएको छ । बिहिबार मध्यपृतना हेडक्वार्टर सुपारेटार व्यारेकमा सम्पन्न फुटबलको फाइनल खेलमा गोरख बहादुर गणले शिवदल गणलाई ६-३ गोलअन्तरले पराजित गरेको थियो ।

लिग चरणमा प्रथम र द्वितीय स्थानमा रहँदै गोरख बहादुर गण र शिवदल गणले फाइनलमा स्थान बनाएको थियो । प्रतियोगितामा ७ खेलमा कुल २ सय ६० अंकसहित गोरखबहादुर गण प्रथम हुँदा नयाँ सबुज गण १ सय १६ अंकसहित दोस्रो भएको छ । यस्तै ९८ अंकसहित जबरजंग गण तेस्रो हुँदा शिवदल गण ५६ अंकसहित अंकतालिकाको पुछारमा रहेर प्रतियोगिताको समापन गरेको छ । यस्तै २० अंकसहित ७ नम्बर बाहिनी अड्डा प्रथम हुँदा १५ अंकसहित ६ नम्बर बाहिनी दोस्रो भएको छ ।

साउन १९ गतेबाट सुरु भएको पृतनापति ट्रफीमा फुटबल, भलिबल, बास्केटबल, बक्सिङ, एथ्लेटिक्स, स्विमिङ र तेक्वान्दो खेल समावेश गरिएको थियो। पृतनापति प्रदीप जंग केसीले बिजेता खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

समापन कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, सुरक्षा निकायका प्रमुखहरु, बाहिनीपतिहरु, मकवानपुर जिल्लाका विभिन्न खेलकुद संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# विद्यार्थी र प्रहरीबीच झडप, ७ प्रहरीसहित ११ घाइते

बुटवलः पश्चिम नवलपरासीको प्रतापपुरस्थित त्रिभुवन क्याम्पसका विद्यार्थी र प्रहरीबीच झडप भएको छ ।

प्रतापपुर गाउँपालिकाको कार्यालयमा तालाबन्दी गर्न गएका विद्यार्थी र प्रहरीबीच झडप हुँदा सात प्रहरी र विद्यार्थी गरी ११ जना घाइते भएका छन् ।

स्थिति नियन्त्रण बाहिर जान थालेपछि प्रहरीले ५ राउण्ड अश्रु ग्याँस प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी भोजराज पाण्डेयले जानकारी दिए। झडपमा प्रहरी निरीक्षकसहित ७ प्रहरी घाइते भएका पान्डेयले बताए ।

घाइते विद्यार्थीबारे प्रहरीले यकिन नगरेपनि बेलाटारी क्याम्पसका क्याम्पस प्रमुख मनोजधर द्विवेदीले चारजना विद्यार्थी घाइते भएको बताए। विद्यार्थीले ढुंगामुढा गर्दै पार्किङमा रहेका सवारी साधनमा तोडफोड गर्न थालेपछि आश्रुग्यास हान्नुपरेको प्रहरीको जिकिर छ । सो क्रममा पार्किङमा रहेको एउटा कारको सीसा फुटेको छ ।

त्रिभुवन क्याम्पसले त्रिभुवन क्याम्पसमा कक्षा ११ र १२ को दिवा कक्षा सञ्चालनका लागि कक्षाकोठा माग गरेपछि विवाद सुरु भएको हो ।

दिउँसोमा कक्षा कोठा उपलब्ध गराउन नसक्ने क्याम्पस प्रशासनको अडानपछि बुधवार प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवको निर्देशनमा त्रिभुवन क्याम्पसमा लगाइएको ताला केही जनप्रतिनिधिको रोहवरमा नगर प्रहरीले तोडेको थियो । बिहीबार त्यसैको विरोधमा त्रिभुवन क्याम्पसमा अध्ययनरत विद्यार्ती गाउँपालिकामा तालाबन्दी गर्न गएपछि प्रहरीसंग झडप भएको थियो ।

त्रिभुवन माविले नयाँ भवन निर्माणको चरणमा रहेकाले केही समयका लागि दिउँसोमा कक्षा सञ्चालन गर्न दिन क्याम्पससँग आग्रह गरेपनि क्याम्पसले क्युएए प्राप्तिको प्रक्रियामा रहेको बताउँदै त्रिभुवन विश्वविद्यालयको मापदण्ड अनुरुप कक्षाकोठा उपलब्ध गराउन नसक्ने जवाफ दिएपछि विवाद उत्कर्षमा पुगेको हो ।

त्रिभुवन मावि र त्रिभुवन क्याम्पस प्रतापपुर ९ बेलाटारीमा एकै स्थानमा रहेका छन् । *(स्रोतः अनलाईनखबर)*

# भोटाहिटीमा लागेको आगो नियन्त्रणमा

काठमाडौंः काठमाडौंको भोटाहिटीस्थित एक घरमा लागेको आगो नियन्त्रणमा आएको छ ।

बिहीबार राति काठमाडौं महानगर पालिका-२७ भोटाहिटीस्थित नेपाल हाउसको पाचौं र छैठौं तलामा आगलागी भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी कुमोद ढुंगेलले जानकारी दिए ।

मथुराम श्रेष्ठको घरमा भाडाकुडाको गोदाम रहेको कोठामा आगलागी भएको हो । करेन्ट सर्ट भएर आगलागी भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

काठमाडौं महानगरका चार र नेपाली सेना, ललितपुर र भक्तपुरको एक-एक गरी सातवटा दमकल प्रयोग गरी आगो नियन्त्रणमा लिइएको हो ।

घटनापछि प्रहरी वृत्त जनसेवाबाट डिएसपी भेषराज रिजाल नेतृत्वको टोली खटिएको थियो । त्यस्तै, नेपाली सेना र सशस्त्र प्रहरीको टोली पनि घटनास्थलमा खटिएर आगो नियन्त्रणमा लिएको हो ।

क्षति विवरण आइसकेको छैन ।

*(स्रोतः सेतोपाटी)*

## स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## लम्पी स्कीनबारे सचेतनामुलक सूचना

**रोग सर्ने तरिका**

यो रोग खास गरी arthropod vector बाट सर्ने गर्दछ ।
संक्रमित प्रजनन योग्य सांढेको विर्यबाट पनि यो रोग सर्न सक्दछ ।
संक्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट पनि यो रोग सर्न सक्छ ।

**लक्षणहरू**

ज्वरो आउने (४१ डिग्री सेन्टीग्रेड भन्दा माथि)
झोक्राउने, दाना पानी नखाने तथा दुब्लाउने
दुहुनो गाई भैंसीको दूध २५ देखी ८० प्रतिशतले घटन सक्ने,
सतही लिम्फ ग्रन्थी ठुलो हुने,
शरीरका विभिन्न भागहरु जस्तै घाँटी, खुट्टा, फाँचो, यौन अगंहरु वरपर र छालाको विभिन्न भागमा गिर्खा बन्ने
खुट्टा सुनिने र खुट्टाको गिर्खाले गर्दा पशुहरु हिँडडुल गर्न गाह्रो हुने
उपचार, रोकथाम, नियन्त्रण

**यस रोगको कुनै ठोस उपचार छैन । प्रविधिकको सल्लाहमा लक्षण अनुसार औषधीहरू** (antibiotic, antipyretic, and anti inflamatory) **दिन सकिन्छ ।**

नेपालमा हालसम्म यस रोगको विरुद्धको खोप प्रयोग गरिएको छैन ।
रोगको लक्षण देखिएको खण्डमा पशु चिकित्सक, प्रविधिकहरुसँग तुरुन्त परामर्श लिने ।
यस रोगको रोकथामको लागि रोगी पशुहरुको आवत जावत र ओसारपसारमा रोक लगाउने रोगी पशुहरुलाई अलग राखी उपचार गर्ने
रोग सार्ने लामखुट्टे, भाले किर्ना तथा झिंगा आदिको नियन्त्रण गर्ने ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**हेटौंडा नेपाल**

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ